एसिसी मेन्स प्रिमियर कप : नेपाल र युएईबीचको बाँकी खेल आज

हिमालय टाइम्स
काठमाडौं, १८ वैशाख

एसिसी मेन्स प्रिमियर लिग क्रिकेटको स्थगित नेपाल र युएईबीचको बाँकी फाइनल खेल आज हुने भएको छ । कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सोमबार भएको फाइलन खेल वर्षाका कारण प्रभावित बनेपछि मंगलबार रिजर्भ दिनमा सारिएको हो ।

नेपाल क्रिकेट संघ (क्यान)का अनुसार सोमबार रोकिएकै ओभरबाट खेल हुनेछ । सोमबार टस हारेर पहिले ब्याटिङ गरेको युएईले २७ दशमलब तीन ओभरमा नौ विकेटको क्षतिमा १०६ रन बनाउँदा वर्षाका कारण खेल रोकिएको थियो । त्यसपछि लगातार वर्षा भएर खेल हुने सम्भावना रहेन ।

खेल रोकिनुअघि युएईका लागि आसिफ खानले सर्वाधिक ४६ रन बनाउनुभयो । उहाँले ५४ बल खेल्दै एक छक्का र सात चौका प्रहार गर्नुभयो । त्यस्तै, आर्यन लाक्राले १३, मोहम्मद वासिमले ११ र बसिर हमिदले १० रन बनाउनुभएको थियो ।

नेपालका लागि ललित राजवंशीले तीन विकेट लिनुभयो । उहाँ ह्याट्रिक नजिक हुनुहुन्थ्यो । उहाँले लगातार दुई विकेट लिएपछि खेल रोकिएको थियो । मंगलबार पहिलो बलमै विकेट लिन सके ओडिआईमा ह्याट्रिक लिने पहिलो नेपाली खेलाडी बन्नुहुनेछ । ललितले चार दशमलब तीन ओभरमा एक मेडनसहित पाँच रन खर्चेर तीन विकेट लिनुभएको हो ।

यस्तै, सन्दीप लामिछानेले सात ओभरमा एक मेडनसहित ३२ रन खर्चेर दुई विकेट तथा करण केसीले सात ओभरमा एक मेडनसहित २६ रन खर्चेर दुई विकेट लिनुभयो । सोमपाल कामी र गुलशन झाले समान एक-एक विकेट लिनुभयो ।

यसअघि नेपाल समूह 'ए' को विजेता बन्दै फाइनलमा पुगेको थियो । सेमिफाइनलमा कुवेतसँगको खेल वर्षाका कारण नतिजाविहीन भएपछि नेपाल समूह विजेताका रूपमा फाइनलमा पुगेको हो । साथै युएईले सेमिफाइनल खेलमा ओमानलाई दुई रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

अभिषेक र अभिलाषालाई टेनिस उपाधि

हिमालय टाइम्स
काठमाडौं, १८ वैशाख

अभिषेक वास्तोला र अभिलाषा विष्टले नवौं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको उपाधि जित्नुभएको छ । पुरुषको एकल विधामा अभिषेक र महिलामा अभिलाषा च्याम्पियन बन्नुभएको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को टेनिस कोर्टमा भएको पुरुष फाइनल खेलमा अभिषेकले ऋतिक राणालाई छ-शून्य र छ-एकको सोझो सेटमा सहजै पराजित गर्दै च्याम्पियन बन्नुभयो । सिटिजन्स बैंकको मुख्य प्रायोजनमा काठमाडौं जिल्ला टेनिस संघद्वारा आयोजित प्रतियोगिताअन्तर्गत महिलाको उपाधि भिडन्तमा राष्ट्रिय च्याम्पियन अभिलाषाले माहिका राणालाई सिधा सेटमा छ-चार र छ-चारले हराउनुभयो । पुरुष/महिला दुवैमा पहिलो हुनेले जनही ५० हजार र दोस्रो हुने खेलाडीले जनही २५ हजार रुपैयाँ पुरस्कार पाउनुभयो ।

यसैगरी भेट्टान ४५ वर्षमाथि पुरुष डबल्समा चन्द्र शाही र डेगेन्द्र श्रेष्ठको जोडीले फाइनलमा सुदर्शन विष्ट र राजु क्षेत्रीको जोडीलाई पराजित गर्दै पहिलो हुनुभयो । ५५ वर्षमाथि पुरुष डबल्समा कृष्णराज घले र सुवर्ण धाक्वाको जोडी च्याम्पियन बन्नुभयो । उक्त जोडीले फाइनलमा कमल थापा र छ्याम्बा डुन्डुपको जोडीमाथि छ-शून्य र छ-दुईको सहज जित दर्ता गऱ्यो ।

भेट्टान ५५ वर्षमाथि पुरुष एकल विधामा जीवन घिमिरे शीर्ष स्थानमा रहनुभयो । जीवनले फाइनलमा जित प्रधानलाई छ-दुई र छ-तीनले हराउनुभयो । ४५ वर्षमाथि पुरुष एकलको स्वर्ण भिडन्तमा महेश श्रेष्ठले बाजी मार्नुभयो । उहाँले फाइनलमा रोहित सुनुवारलाई छ-चार, चार-छ र १०-पाँचले पन्छाउनुभयो ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का (राखेप) सदस्य-सचिव टंकलाल घिसिङ, सिटिजन्स बैंकका अध्यक्ष राजनसिंह भण्डारी, नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणा, नेपाल टेनिस संघका महासचिवसमेत रहनुभएको आयोजक काठमाडौं जिल्ला टेनिस संघका अध्यक्ष मनोहरदास मुललगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो । यही वैशाख १२ गतेदेखि सुरु भएको प्रतियोगितामा १५२ खेलाडी सहभागी थिए ।

एसियाडकाका लागि बक्सिङको प्रारम्भिक छनौट सुरु

हिमालय टाइम्स
काठमाडौं, १८ वैशाख

चीनको हाङझावमा हुने १९औं एसियाली खेलकुदका लागि बक्सिङको प्रारम्भिक छनौट प्रतियोगिता सोमबारदेखि सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा सुरु भएको छ । राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव टंकलाल घिसिङले प्रतियोगिताको एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

पुरुष ५१ केजी तौलसमूहको क्वाटरफाईनलमा नेपाल प्रहरीका चन्द्रबहादुर थापाले चार-तीन अंकको आधारमा एचटुओका लालप्रसाद उप्रेतीमाथि जित हासिल गर्नुभयो । सोही तौलसमूहमा पाँचथरका फुङ्लाङ काम्बाङलाई आरएससीका आधारमा र रुकुमका जीवन पुन मगरलाई पाँच-शुन्य अंक आधारमा क्रमशः एपीएफका प्रदीप महर्जन र बक्समाण्डुका लक्ष्मण राईले विजय हासिल गर्नुभयो । त्यस्तै आर्मीका सुशील थापाले पाँच-शुन्य अंकको आधारमा ललितपुरका खेलाडी चिरिन्जिवि खड्का माथि जित हासिल गर्नुभयो ।

पुरुष ५७ केजीमा बाँकेका खेलाडी ईन्द्र सुनारले केओका आधारमा एपीएफका पुरन राई माथि जित हासिल गर्नुभयो भने नुवाकोटका निराजन मोक्तानमाथि आरएसी आईको आधारमा आर्मीका खेलाडी पुरन सुनुवारले जित हासिल गर्नुभयो ।

पुरुष ६३.५ केजीमा प्रहरीका निकेश देशारमाथि आरएससीको आधारमा मकवानपुरका खेलाडी सोहन राईले जित हासिल गर्नुभयो । सोही स्पर्धामा ललितपुरका सागर दर्जीमाथि पाँच-शुन्य अंकको आधारमा जिनेक्श बक्सिङ क्लबका मौसम राना मगर विजयी हुनुभयो भने रामेछापका नेत्र तिरुवामाथि आरएससीको आधारमा एपिएफका सोनाम सार्की विजयी हुनुभयो ।

पुरुष ७१ केजीमा लुम्बिनीका विकास रानाले चार-तीन अंकको आधारमा नक्शाल बक्सिङ क्लबका अस्विन धिरण श्रेष्ठमाथि जित हासिल गर्नुभयो । बक्समाण्डुका दावा छिरिङ लामा माथि चार-एक अंकको आधारमा आर्मीका खेलाडी दिपेश लामाले जित हासिल गर्नुभएको थियो । त्यस्तै स्वीट साईन्स बक्सिङ क्लबका निराजन नेपाली माथि पाँच-शुन्य अंकको आधारमा एपिएफका बिक्रम चौधरीले जित हासिल गर्नुभयो ।

महिला ५० केजीमा आर्मीकी आरती बम्जनलाई पाँच-शुन्य अंकको आधारमा लुम्बिनीकी माया केसीले जित हासिल गर्नुभयो । जेनेक्शकी तेजीमाया गुरुङलाई पाँच-शुन्य अंकको आधारमा स्वीट साईन्सकी रमिसा श्रेष्ठले जित हासिल गर्नुभयो । प्रहरीकी रिता धरलालाई चार-तीन अंकको आधारमा एचटुओकी अस्मिता दुवालले जित हासिल गर्नुभयो ।

छनौट प्रतियोगितामा नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले, तालिम तथा प्रशिक्षण विभाग प्रमुख तथा बक्सिङका मुख्य प्रशिक्षक प्रचण्ड शर्मा, महासचिव सविन भट्टचार्य, केन्द्रीय सदस्यहरू श्यामकाजी अवाले, मानबहादुर भण्डारी, ओमनारायण श्रेष्ठ, बरिष्ठ बक्सिङ प्रशिक्षक प्रविन तुलाधर लगायतको उपस्थिति थियो ।

टोटनहममाथि लिभरपुलको रोमाञ्चक जित

एजेन्सी
लण्डन, १८ वैशाख

इंग्लिस प्रिमियर लिगमा लिभरपुलले टोटनहम हटस्परमाथि चार-तीनको रोमाञ्चक जित हात पारेको छ । लिभरपुलको जितमा कर्टिस जोन्स, लुइस डियाज, मोहम्मद सलाह र डिएगो जोटाले एक-एक गोल गर्नुभयो । टोटनहमका ह्यारी केन, ह्युङ मिन सन र रिचार्लीसनले गोल फर्काउनुभयो ।

लिभरपुलले एक समय तीन-शून्यको अग्रता लिए पनि टोटनहमले तीन गोल नै फर्काएको थियो । इन्जुरी समयमा डिएगो जोटाले निर्णायक गोल गर्नुभयो । खेलको तेस्रो मिनेटमा नै कर्टिस जोन्सले गोल गर्दै लिभरपुललाई अग्रता दिलाउनुभयो । पाँचौं मिनेटमा लुइस डियाजले दोस्रो र १५औं मिनेटमा मोहम्मद सलाहले पेनाल्टीमा लिभरपुलका लागि तेस्रो गोल गर्नुभएको थियो ।

४०औं मिनेटमा कप्तान ह्यारी केनले, ७७औं मिनेटमा सनले र इन्जुरी समयको तेस्रो मिनेटमा रिचार्लीसनले गोल गर्दै खेललाई तीन-तीनको बराबरीमा ल्याउनुभएको थियो । त्यसको एक मिनेटपछि नै जोटाले गोल गर्दै लिभरपुललाई चार-तीनको रोमाञ्चक जित दिलाउनुभयो ।

यस जितसँगै लिभरपुल ३३ खेलबाट ५६ अंक जोडेर पाँचौं स्थानमा उक्लिएको छ । पराजित टोटनहम ३४ खेलबाट ५४ अंक जोडेर छैटौं स्थानमा छ ।

यस्तै, बायर्न म्युनिख जर्मन बुन्डेसलिगा फुटबलको शीर्षस्थानमा उक्लिएको छ । हर्था बर्लिनलाई दुई-शून्यले पराजित गर्दै बोरुसिया डर्टमुन्डलाई पछि पार्दै बायर्नले एक अंकको अग्रतासहित शीर्षता हासिल गरेको हो ।

बायर्नको जितमा सर्ज नाब्री र किड्सले कोमानले गोल गर्नुभयो । ६९औं मिनेटमा सर्ज नाब्रीले गोल गर्दै बायर्नलाई एक-शून्यको अग्रता दिलाउनुभयो । ७९औं मिनेटमा किड्सले कोमानले किम्मिखकै पासमा गोल गर्दै बायर्नको जित पक्का गर्नुभयो । यस जितसँगै शीर्षस्थानमा उक्लिएको बायर्नको ३० खेलबाट ६२ अंक पुगेको छ । समान खेलबाटै दोस्रो स्थानमा झरेको डर्टमुन्डको ६१ अंक छ । पराजित हर्था २२ अंक जोडेर पुछारमा छ ।

यस्तै, फ्रेन्च लिग वानमा पेरिस सेन्ट जर्मेन (पिएसजी) घरेलु मैदानमा लोरिएन्टसँग तीन-एकले पराजित भयो । लोरिएन्टका एन्जो लि फि, डारलाइन योङ्वा र एहमाडोउ बम्बा डिइङले गोल गर्नुभयो । पिएसजीका केलियन एमबाप्पेले गोल गरे पनि हार टार्न सक्नुभएन ।

हारपछि पनि शीर्षस्थानमा रहेको पिएसजीको ३३ खेलबाट ७५ अंक छ । टोली दोस्रो स्थानको मार्सेभन्दा पाँच अंकले मात्रै अघि छ । पिएसजीलाई हराएको लोरिएन्ट ३३ खेलबाट ४८ अंक जोडेर १०औं स्थानमा छ ।

चक्रबहादुर ठकुरी स्मृति तेक्वान्दो शुक्रबारदेखि

हिमालय टाइम्स
काठमाडौं, १८ वैशाख

श्रीसुन्दरी माई तेक्वान्दो डोजाङ, नेपालको आयोजनामा प्रथम चक्रबहादुर ठकुरी स्मृति जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ । गोकर्णेश्वर नगरपालिकाको प्रायोजनमा हुने प्रतियोगितामा विभिन्न २० डोजाङका २६० पुरुष र २०० महिला गरी जम्मा ४६० खेलाडीको सहभागिता रहने आयोजक डोजाङका प्रमुख एवं प्रतियोगिता संयोजक सुवासचन्द्र गौतमले जनाउनुभएको छ । सहभागी खेलाडीलाई दर्ता शुल्क लाग्ने छैन । गेरोगीमा २१ तथा पुम्से (एकल) मा दुई गरी जम्मा २३ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । गोकर्णेश्वर नगर खेलकुद विकास समिति तथा गोकर्णेश्वर नगर तेक्वान्दो विकास समितिको संयोजनमा हुन लागेको प्रतियोगिताका उत्कृष्ट पुरुष/महिला खेलाडीलाई जनही पाँच हजार नगद पुरस्कारसहित 'डोबोक' प्रदान गरिनेछ । दुईदिने प्रतियोगिता सञ्चालन गर्न करिब पाँच लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

मनाङका मुख्य प्रशिक्षकद्वारा राजीनामा

हिमालय टाइम्स
काठमाडौं, १८ वैशाख

शहीद स्मारक 'ए' डिभिजन क्लब मनाङ मर्स्याङ्दी क्लबका मुख्य प्रशिक्षक किरण श्रेष्ठले राजीनामा दिनुभएको छ । मनाङले सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत् श्रेष्ठले राजीनामा दिएको जनाएको हो ।

मनाङले लगातार पछिल्लो ६ 'ए' डिभिजनका खेलमा पराजय भोगेपछि मुख्य प्रशिक्षकको राजीनामा आएको हो । लगातारको हारका कारण क्लब लिगको दशौं स्थानमा छ । मनाङले १३ खेलबाट जम्मा १५ अंकमात्रै जोड्न सकेको छ ।

व्यक्तिगत कारण देखाएर श्रेष्ठले क्लब छाडेको मनाङले जनाएको छ । मनाङले जारी शहीद स्मारक 'ए' डिभिजन लिगका लागि उहाँलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो । मनाङ आठ पटकको 'ए' डिभिजन लिग च्याम्पियन क्लब हो ।

बागलुङमा रंगशाला बनाइने

हिमालय टाइम्स
काठमाडौं, १८ वैशाख

बागलुङ नगरपालिका-९ तित्याङमा पालिकास्तरीय आधारभूत रंगशाला निर्माण योजना अगाडि बढाइएको छ । बागलुङ बजारबाट नजिकै रहेको तित्याङस्थित आलेखर्क खेल मैदान विस्तार गरी बांगेचौर खेल मैदानको विकल्पका रूपमा रंगशाला बनाउने योजना स्थानीय र पालिकाको पहलमा अगाडि बढाइएको छ ।

बागलुङ बजारमा साँघुरो जग्गाका कारण एकमात्रै बांगेचौर खेल मैदान रंगशाला बनाउन बजेट विनियोजन हुँदासमेत रंगशाला निर्माणको काम अगाडि बढ्न नसके पछि आलेखर्क खेल मैदानलाई विकल्पको रंगशालाका रूपमा लिन थालिएको छ । बागलुङ नगरपालिकाले एक पालिका एक रंगशालाअन्तर्गत त्यसलाई प्राथमिकतामा राखेको छ ।

राष्ट्रियस्तरका खेल प्रतियोगितामा एउटै खेल मैदानमा प्रतियोगिता गर्न नसकिने भएकाले बांगेचौर खेल मैदानको विकल्पका रूपमा आलेखर्क खेल मैदानलाई रंगशालाका रूपमा निर्माण गर्न हालैमात्र विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) बनाइएको छ । झण्डै २० रोपनी जग्गामा फैलिएको आलेखर्क खेल मैदान बहुउद्देश्यीय रंगशाला निर्माण गर्न थप जग्गा विस्तार गर्न सकिने भएकाले जिल्लाकै ठूलो रंगशाला बनाउन सक्ने विकल्प देखिएको आलेखर्क खेल मैदानलाई स्तरोन्नति गर्ने तयारी गरेको तित्याङ रंगशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष मनबहादुर थापाले जानकारी दिनुभयो ।

'बागलुङ बजारमा एउटा खेल मैदान छ, त्यो विस्तार गर्न मिल्दैन तर आलेखर्क खेल मैदान विस्तारमा समस्या छैन, बहुउद्देश्यीय रंगशाला बनाउन पर्याप्त जग्गा छ, नपुगे सामुदायिक वन र सार्जजनिक जग्गा विस्तार गर्न सकिन्छ,' थापाले भन्नुभयो, 'स्थानीयकै १० लाख रुपैयाँमा डिपिआर बनाएर नगरपालिकामा पेश गरेका छौं, जसमा पाँच करोड ८८ लाख रुपैयाँमा आधारभूत रंगशाला बन्ने उल्लेख छ, पालिकाले प्रदेश र केन्द्रमा बजेटका लागि पहल गर्ने प्रतिबद्धता जनाएको छ ।'

खेल मैदान विस्तारमा हालसम्म ६२ लाख रुपैयाँ खर्च भइसकेको छ । रंगशाला निर्माण गर्न स्थानीयस्तरबाट सहयोग जुटेको थापाले बताउनुभयो । जग्गा व्यवस्थापन तथा खेल मैदान विस्तार गर्न हालसम्म बागलुङ नगरपालिकाले १४ लाख र गण्डकी प्रदेश सरकारको २५ लाख बजेट कार्यान्वयन भइसकेको र स्थानीयस्तरबाट २३ लाख रुपैयाँ संकलन गरेर खेल मैदान विस्तार गरिएको हो ।

Bandipur Rural Municipility
Office of Rural Municipal
Executive
Bandipur,Tanahun
2073
Gandaki Provience

Invitation for Re-Bid

Third Date of publication: 2080/01/19 (02-May-2023)

Bandipur Rural Municipility, Office of Rural Municipial Executive,Bandipur Tanahun invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National Competitive Bidding procedures.

S.N	Contract Identification No:-	Name of Contract	Estimated Amount (Exclusive VAT and Contingencies ,Inclusive of PS)	Bid Document Fee(Nrs)	Bid Security	Last Date of Bid Submission	Remarks
1.	BRM/NCB/ WORKS/07 /079-080	Construction of Atithi Griha	Nrs 30,23,376.14	Nrs 3,000.00	Nrs 80,000.00	2080-01-25 (8th May 2023) 12:00	

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bandipur Rural Municipility,Office of Rural Municipal Executive ,Bandipur Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp.

(Chief Administrative Officer)